"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

प्रदेश खेलकुद विकास परिषद्

PROVINCE SPORTS DEVELOPMENT COUNCIL

बागमती प्रदेश, हेटौडा, नेपाल

Bagamati Province, Hetauda, Nepal

प.सं : २०८३/०८४

चलानी नं :

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ को प्रदेशस्तरीय (खुल्ला) छनोटका लागि खेलाडी दर्ता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/२०)

राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा मिति २०८३ मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशमा सञ्चालन हुन गइरहेको **"दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३"** मा बागमती प्रदेशको तर्फबाट सहभागी हुने खेलाडी छनोटका लागि तपसिलका २० खेलको सिधै प्रदेशस्तरीय (खुल्ला) छनोट प्रतियोगिता आयोजना गरिने हुँदा उक्त खुल्ला छनोट प्रतियोगितामा सहभागी हुन देहायका मापदण्ड पूरा गरेका इच्छुक खेलाडीहरूले यो सूचना प्रकाशित मितिले २१ दिनभित्र तपसिलको **QR Code Scan** गरी वा परिषद्को वेवसाइट sports.bagamati.gov.np मा रहेको लिङ्कमा गई अनलाइन दर्ता (Online Registration) गर्नुहुन अनुरोध गरिन्छ।

<u>सिधै प्रदेशस्तरीय (खुल्ला) छनोट हुने खेलहरू (२० वटा):</u>

क्रिकेट, बक्सिङ, जिमन्यास्टिक, पौडी, हक्की, कबड्डी, ह्याण्डबल, सुटिङ, भारातोलन, स्क्वास, बास्केटबल, कुस्ती, आर्चरी, रग्वी 7 A side, लन टेनिस, ई-स्पोर्टस, खो-खो, सेपाकताक्रो, शारीरिक सुगठन, साइक्लिङ, गरी जम्मा २० वटा खेलहरूको सिधै प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरिनेछ।

<u>खुल्ला छनोटमा सहभागी हुन पाउने मापदण्डहरू:</u>

- प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद-२०८० मा सहभागी खेलाडी।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८३ मा स्वर्ण पदक विजेता खेलाडी।
- तेस्रो बागमती प्रदेश खेलकुद-२०८३ मा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गरेका खेलाडी।
- राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी।
- सम्बन्धित संघले आ.व. २०८३/०८४ मा राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा स्वर्ण वा रजत पदक प्राप्त खेलाडी।
- सम्बन्धित संघले प्रतिभावान खेलाडी पहिचान गरी सिफारिस गरेका खेलाडी।
- विभागीय टिमको करार सम्झौता अन्त्य गरी आएका खेलाडी।

(अन्य प्रदेशको खेलाडी सहभागी हुने हकमा राष्ट्रिय खेलकुद परिषद्को राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन निर्देशिका-२०८३ बमोजिम हुनेछ)

<u>अनलाइन दर्ता गर्ने QR Code</u>

अनलाइन दर्ता गर्ने अन्तिम मितिः

२०८३ कार्तिक ९ गते कार्यालय समयसम्म।

(पुनश्चः तोकिएको म्याद नाघी आएका तथा तोकिएको मापदण्ड नपुगेका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन।)

दिपक लामा

सदस्य सचिव

वेबसाईट : sports.bagamati.gov.np ई-मेल: psdcp3@gmail.com फोन. नं : ०५७-५३०५३५